# धुनिबेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सः २०८१/०८२

च.नः १३१६

मिति : २०८१।०९।०४

ने.स.११४५ थिंलगा बिहीवार

विषय : खेलाडी सम्मान तथा पुरस्कारको लागि निवेदन पेस गर्ने सम्बन्धमा ।

श्री सरोकारवाला सबै
धुनिबेशी नगरपालिका, धादिङ ।

प्रस्तुत विषयमा धुनिबेशी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले आ.व.२०८०/०८१ मा जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगिताहरुमा उत्कृष्ट प्रदर्शन गरी पदक तथा ट्रफि प्रास गर्न सफल खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमका लागि निवेदन पेस गर्न भनी मिति २०८१/०८/११ गते १५ दिन को लागि सूचना प्रकाशित भएकोले उक्त मिति भित्र निवेदन पेस गर्न छुट हुनु भएका खेलाडीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन सहित तपसिल बमोजिमका कागजात पेस गर्नहुन पुनः सूचना गरिएको व्यहोरा अनुरोध छ ।

विकास खत्री
अधिकृत आठौं तह
शिक्षा, युवा तथा खेलकुद शाखा

तपसिलः

१-खेलकुद प्रतियोगिताका आयोजकबाट प्रदान गरिएको प्रमाणपत्रको प्रतिलिपि ।

२-ती प्रतियोगितामा भाग लिन परिषदको वा नगरपालिकाको स्वीकृतिमा गएको प्रमाणपत्रको प्रतिलिपि ।

३- परिषद र सम्बन्धित खेलकुद सम्वन्धी संघको सिफारिस पत्रको प्रतिलिपि (खेलाडी र प्रशिक्षक) ।

४-सम्वन्धित खेलाडी तथा प्रशिक्षकले नेपाल सरकारलाई तिर्न बुझाउन कुनै बेरुजु वा अन्य रकम बाँकी नरहेको भन्ने सो घोषणा पत्र ।

५-सम्भव भए सम्म सम्वन्धित खेलकुदमा सहभागी भएको फोटो ।

६-प्रशिक्षकको हकमा प्रशिक्षकको प्रशिक्षण सम्वन्धी सम्बन्धित खेलको अनुमति पत्रको प्रतिलिपि ।

७-सहभागीले धुनिबेशी नगरपालिकाको स्थायी वासिन्दा भएको प्रमाण पुग्ने कागजात पेस गर्नु पर्ने छ ।